annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १२३, पृष्ठ ८ | काठमाडौं, सोमबार १५ भदौ २०८३ | भाद्र कृष्णपक्ष तृतीया नेपाल संवत् ११४६ | MONDAY, AUGUST 31, 2026 | मूल्य : रु. १०

कोषमा सहायताको थुप्रो, पीडित भने भोकभोकै

भोटेकोशी बाढीपीडितको राहतका लागि सरकारी कोषमा ३ अर्ब २४ करोड ९२ लाख रुपैयाँ संकलन भएको छ। पुरानो २ अर्बसहित कोषमा हाल ५ अर्ब बढी रकम जम्मा छ। स्वदेश र विदेशबाट कोषमा सहायता रकम थपिने क्रम बढ्दो छ। तर, सरकारले कोषको रकम परिचालन गर्न सकेको छैन। जबकी, बाढीपीडितहरू राहत नपाएको भन्दै भोकभोकै बस्नु परिरहेको व्यथा सुनाइरहेका छन्। त्यतिमात्र होइन, सुरक्षाकर्मीसमेत चाउचाउ र बिस्कुटको भरमा उद्धार कार्यमा रातदिन खटिरहेका छन्।

सुरेन्द्र काफ्ले/सागर घले | *काठमाडौं*

समाचार पृष्ठ २

न रह्यो घर, न भविष्यको भर

कमलदेव भट्टराई | *देवीघाट, नुवाकोट*

बुधबार बिहानको करिब ९ बजेको थियो। नुवाकोटको ढुंगेबजारकी माइली तामाङ आफ्नी ६ वर्षीया छोरीलाई विद्यालय पठाउने तयारीमा थिइन्। एक वर्षकी सानी छोरी पनि उनकै साथमा थिइन्। दैनिकजस्तै लागिरहेको त्यो बिहान केही मिनेटमै उनको जीवनकै सबैभन्दा त्रासदीपूर्ण क्षणमा परिणत भयो। कहिले पनि सिनेमा र अन्त कतै नदेखेको दृश्य।

अचानक प्रहरीले माइकिङ गर्दै स्थानीयलाई रसुवाबाट बाढी आइरहेको र सुरक्षित स्थानतर्फ जान आग्रह गर्न थाल्यो। त्यसदिन उनीजस्तै धेरै बालबालिका कोही विद्यालय पुगिसकेका थिए, कोही जाने तयारीमा थिए। माइलीले धेरै सोच्ने समय पाइनन्। उनले दुई छोरी र अत्यावश्यक सामान पोको पारिन् र घरभन्दा माथितिर लागिन्। उनको एकतले घर खोलाको सीधै किनारमा थिएन। केही माथि, भित्तातिर थियो। त्यसैले घर सुरक्षित नै होला भन्ने लागेको थियो। तर, बाढीले सिर्जना गरेको त्रासले घरको सुरक्षाभन्दा पनि आफू र छोरीहरूको जीवन ठूलो कुरा हो भन्ने उनलाई लाग्यो।

अहिले उनी आफन्तको घरमा आश्रय लिएर बसेकी छन्। खाना पकाउन भने आफ्नै घरमा आउँछिन्। तर, रात बिताउन माथि नै जान्छिन्। 'हामीले सोच्यौं, यो त बाढी हो। तर, जमिन नै भूकम्प आएजस्तो हल्लीरहेको थियो। अनौठो विस्फोटजस्तो आवाज आइरहेको थियो,' उनी सम्झिन्छिन्। उनको घर जोगिएको छ। तर, उनको मन अझै सम्हालिएको छैन।

बाढी आएको दिनदेखि उनकी छोरीलाई लगातार ज्वरो आइरहेको छ। वरिपरि बाढीको त्रास, विस्थापन, असुरक्षा र अनिश्चितताको वातावरण छ। एउटा आमाका लागि छोरीको ज्वरोमात्रै पनि ठूलो चिन्ताको विषय हो। त्यसमाथि घर छोडेर अस्थायी आश्रयमा बस्नुपरेको अवस्था छ। यो एउटा परिवारको कथा मात्रै होइन। नुवाकोटका बाढी प्रभावित बस्तीमा अहिले यस्ता सयौं कथाव्यथा छरिएका छन्। जहाँ घर थियो, त्यहाँ अहिले माटो र भग्नावशेष छ। ढुंगेबजार अहिले बजारजस्तो देखिँदैन। बाढीले घर, पसल र मानिसका वर्षौंका मेहनतलाई एकैछिनमा बगरमा परिणत गरिदिएको छ।

» बाँकी पृष्ठ ६

महाविपत्तिमा सहयोगको हात बढाऔं, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गरौं

'याचना' गर्ने पीडितमाथि उल्टै 'डिजिटल हिंसा'

कारुणिक अपिलमाथि हुँदैछ- अश्लील गालीगलौज, चरित्रहत्या र क्रूर ट्रोलिङको वर्षा

शिवप्रसाद ढुंगाना | *काठमाडौं*



बाढी-पहिरो वा अन्य गम्भीर संकटमा फसेका नागरिकहरूले उद्धारका लागि गुहार माग्दै सामाजिक सञ्जालमा पोखेका भिडियोहरूमाथि भइरहेको अनलाइन आक्रमणले नेपाली समाजमा मौलाउँदै गएको राजनीतिक असहिष्णुता र डिजिटल हिंसाको कुरूप रूप छताछुल्ल भएको छ। उद्धारको माग गर्ने पीडित र उनीहरूका आवाज लेख्ने सञ्चार माध्यम र पत्रकारलाई सत्तापक्षीय समर्थकले 'झोले', '१२ भाइ' र अन्य अपमानजनक नाम दिँदै अश्लील गालीगलौज र चरित्रहत्या गर्ने क्रम बढेको छ। रसुवा बाढीले वस्ती बगाइरहेको छ, घरखेत सखाप छ। हजारौं बेपत्ता छन्। कति उद्धार नपाएर जीवन र मृत्युको दोसाँधमा उभिएका आफन्तले उद्धारको भीख माग्दै सामाजिक सञ्जालमा भिडियो पोस्ट गर्छन्- 'कृपया बचाउनुहोस्, हामी अलपत्र पर्‍यौं।'

सामान्य मानवीय भावनाले यो दृश्य देख्दा जोकोहीको पनि मुटु काँप्छ। उद्धारका लागि राज्यका निकाय वा समाज दौडिनुपर्ने हो। तर, आजको डिजिटल युगमा मुलुकको दृश्य ठीकविपरीत देखिन थालेको छ। जब कुनै नागरिक संकटमा परेर सरकार वा राज्य संयन्त्रसँग गुहार माग्छ, तब सामाजिक सञ्जालमा एक किसिमको अस्वस्थ र असंवेदनशील समूह सक्रिय हुन्छ। पीडितको उद्धार गर्नुको साटो उनीहरूको त्यो कारुणिक अपिलमाथि सुरु हुन्छ- अश्लील गालीगलौज, चरित्रहत्या र क्रूर ट्रोलिङको वर्षा।

डिजिटल क्रूरताको नयाँ रूप

केही समयदेखि सामाजिक सञ्जाल (विशेष गरी फेसबुक, टिकटक र एक्स/टिटर) मा देखिएका केही दृश्यहरूले नेपाली समाजलाई गिज्याइरहेका छन्। जब सर्वसाधारण जनताले सरकारी सेवा, राहत र उद्धारमा भएको ढिलासुस्तीप्रति गुनासो पोख्छन् वा आफूमाथि परेको विपत्ति देखाउँछन्, तब तिनै भिडियोहरू ट्रोलरहरूको निशाना बन्छन्।

उदाहरण १: इन्जिनियर सन्तोष पाण्डे चिलिमे हाइड्रोपावरको सुरुङभित्र फसेपछि उद्धारको अपिल गर्दै पत्नी रूपा पौडेलले फेसबुकमा भिडियो पोस्ट गरिन्। त्यसमा उनले सरकार तीन दिनसम्म पनि सुरुङसम्म नपुगेको गुनासो गरेकी थिइन्। यति भएपछि उनको पोस्टमा गालीको वर्षा भयो। रित क्षेत्री नाम लेखेका फेसबुक प्रयोगकर्ताले 'तेरो पोइ मात्र परेको छैन, बुझिस्, तँ गएर हेर्न' भन्दै गाली गरे।

» बाँकी पृष्ठ ६